# "पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयक"

<u>प्रस्तावना:</u> कर्णाली प्रदेशको विशिष्ट पहिचानको रुपमा रहेको प्रचुर जैविक विविधता र अनुपम प्राकृतिक स्रोतसाधनको संरक्षण र उपयोग गर्दै पर्वतीय पर्यावरणको क्षेत्रमा दक्ष मानव संशाधन विकास गर्न पर्वतीय विज्ञान तथा प्रविधिको अध्ययन, अध्यापन र अनुसन्धान गर्न पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कर्मचारी" भन्नाले विश्वविद्यालयको दैनिक कामकाजका लागि नियुक्त भएका कर्मचारी भन्ने बुझिन्छ।

(ख) "कार्यकारी परिषद्" भन्नाले दफा १६ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ग) "कुलपति" भन्नाले दफा २९ बमोजिम नियुक्त कुलपति सम्झनु पर्छ।

(घ) "क्याम्पस" भन्नाले दफा २६ बमोजिम विश्वविद्यालयको आङ्गिक क्याम्पस सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक तथा निजी क्याम्पस समेतलाई जनाउँछ।

(ङ) "क्याम्पस प्रमुख" भन्नाले दफा ३५ बमोजिम विश्वविद्यालयको आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसका प्रमुख सम्झनु पर्छ।

(च) "सेवा आयोग" भन्नाले दफा १८ बमोजिम गठन भएको सेवा आयोग सम्झनु पर्छ।

(छ) "सेवा आयोग को अध्यक्ष" भन्नाले दफा १८ बमोजिम गठन भएको सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ज) "डीन" भन्नाले दफा ३४ बमोजिमको डीन सम्झनु पर्छ।

(झ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ञ) “निर्देशक” भन्नाले दफा ३५ बमोजिमका निर्देशक सम्झनु पर्छ।

(ट) “निर्देशनालय” भन्नाले दफा २३ बमोजिमको निर्देशनालय सम्झनु पर्छ।

(ठ) “परीक्षा व्यवस्थापन कार्यालय” भन्नाले दफा २५ बमोजिमको परीक्षा व्यवस्थापन कार्यालय सम्झनु पर्छ।

(ड) “प्राज्ञिक परिषद्” भन्नाले दफा १४ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ढ) “बोर्ड अफ ट्रष्टिज” भन्नाले दफा ९ बमोजिम गठन भएको बोर्ड अफ ट्रष्टिज सम्झनु पर्छ।

(ण) “बोर्ड अफ ट्रस्टिजको अध्यक्ष" भन्नाले दफा ९ बमोजिम गठन भएको बोर्ड अफ ट्रस्टिजको अध्यक्ष सम्झनु पर्छ।

(त) “रजिष्ट्रार” भन्नाले दफा ३२ बमोजिम नियुक्त रजिष्ट्रार सम्झनु पर्छ।

(थ) “विद्यार्थी” भन्नाले विश्वविद्यालयले संचालन गर्ने शैक्षिक कार्यक्रमहरुमा अध्ययन तथा अनुसन्धान गर्नका लागि नियमानुसार भर्ना भएका विद्यार्थी सम्झनु पर्दछ।

(द) “विश्वविद्यालय” भन्नाले दफा ३ बमोजिम स्थापित “पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय” सम्झनु पर्छ।

(ध) "विश्वविद्यालय अन्वेषण तथा अनुसन्धान केन्द्र" भन्नाले दफा २४ बमोजिमको अन्वेषण तथा अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(न) “शिक्षक” भन्नाले प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापकलाई सम्झनुपर्छ र सो शब्दले यस ऐन अन्तर्गत बनेको नियममा शिक्षक भनी तोकिएको व्यक्ति समेतलाई जनाउँछ।

(प) “संकाय” भन्नाले दफा २२ बमोजिम विश्वविद्यालयका संकाय सम्झनु पर्छ।

(फ) “संरक्षक सभा” भन्नाले दफा ७ बमोजिम गठन भएको संरक्षण सभा सम्झनु पर्छ।

(ब) "संरक्षक सभाको अध्यक्ष" भन्नाले दफा ७ बमोजिमको गठन भएको संरक्षण सभाको अध्यक्ष सम्झनु पर्छ।

## परिच्छेद -२

## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापनाः** (१) कर्णाली प्रदेशलगायत हिमालय क्षेत्रका कृषि, वन, जडीवुटी, ऊर्जा, पर्यटन र जैविक विविधता लगायत अन्य प्राकृतिक स्रोत साधनहरुसँग सम्बन्धित विषयको एकीकृत रुपमा अध्ययन, अध्यापन र अनुसन्धान गर्नको लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना हुनेछ।

(२) विश्वविद्यालयको केन्द्रिय कार्यालय कर्णाली प्रदेश जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा रहनेछ।

(३) विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पसहरु प्रदेशका अन्य स्थानहरुमा स्थापना गर्न सकिनेछ।

४. **विश्वविद्यालय स्वशासित र संगठित संस्था हुनेः**(१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) विश्वविद्यालयको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) विश्वविद्यालयले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

तर विश्वविद्यालयले अचल सम्पत्ति बेचबिखन गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(४) विश्वविद्यालयले व्यक्ति सरह नालिस उजूर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) विश्वविद्यालयले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद – ३

## विश्वविद्यालयको संगठन संरचना

५. **विश्वविद्यालयको संगठन संरचनाः** विश्वविद्यालयको संगठन संरचनामा देहाय बमोजिमका अंगहरु रहनेछ ।

(क) संरक्षक सभा

(ख) बोर्ड अफ ट्रष्टिज

(ग) प्राज्ञिक परिषद्,

(घ) कार्यकारी परिषद्,

(ङ) सेवा आयोग

(च) संकाय,

(छ) निर्देशनालय,

(ज) अन्वेषण तथा अनुसन्धान केन्द्र

(झ) परीक्षा व्यवस्थापन कार्यालय

(ञ) क्याम्पस,

(ट) तोकिए बमोजिमका अन्य निकाय ।

६. <u>विश्वविद्यालयका पदाधिकारीः</u> विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारी रहने छन् ।

(क) अध्यक्ष,

(ख) कुलपति,

(ग) सेवा आयोगका अध्यक्ष,

(घ) रजिष्ट्रार,

(ङ) डीन,

(च) निर्देशक,

(छ) परीक्षा व्यवस्थापन कार्यालय प्रमुख,

(ज) क्याम्पस प्रमुख ।

## परिच्छेद –४

## <u>संरक्षक सभा</u>

७. <u>संरक्षक सभा</u> : (१) विश्वविद्यालयको संरक्षण तथा उच्चस्तरीय समन्वय र आवश्यक सल्लाह, सुझावका लागि देहायबमोजिमको एक संरक्षक सभा रहनेछ।

(क) मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार – अध्यक्ष

(ख) मन्त्री, शिक्षा सम्बन्धी विषय हेर्ने – सहअध्यक्ष

(ग) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रदेशभित्रका सदस्यहरुमध्येबाट एक जना महिला सहित शिक्षा हेर्ने मन्त्रीको सिफारिसमा मुख्यमन्त्रीबाट नियुक्त तीनजना – सदस्य

(घ) उपाध्यक्ष, प्रदेश योजना आयोग – सदस्य

(ङ) प्रदेश सभाका सदस्यहरुमध्येबाट एक जना महिला सहित शिक्षा हेर्नेमन्त्रीको सिफारिसमा मुख्यमन्त्रीबाट नियुक्त तीनजना – सदस्य

(च) प्रमुख सचिव, प्रदेश सरकार – सदस्य

(छ) कुलपति, विश्वविद्यालय –सदस्य

(ज) सचिव, प्रदेश शिक्षा हेर्ने –सदस्य सचिव

८. <u>संरक्षक सभाको काम, कर्तव्य र अधिकार</u> : (१) संरक्षक सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) विश्वविद्यालयको संरक्षण गर्ने,

(ख) विश्वविद्यालयको विकासको लागि विभिन्न निकायसँग समन्वय गर्ने,

(ग) विश्वविद्यालयको सुधारको लागि आवश्यक राय, सल्लाह र सुझाव दिने ।

(२) संरक्षक सभा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद - ५

## <u>बोर्ड अफ ट्रष्टिज</u>

९. <u>बोर्ड अफ ट्रष्टिजको गठनः</u> (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा एक बोर्ड अफ ट्रष्टिज रहनेछ।

(२) बोर्ड अफ ट्रष्टिजमा देहाय बमोजिमका सदस्यहरु रहनेछनः-

(क) कुलपति –सदस्य

(ख) सदस्य, प्रदेश योजना आयोग (शिक्षा हेर्ने) –सदस्य

(ग) सचिव, शिक्षा सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय –सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय –सदस्य

(ङ) शैक्षिक,प्राज्ञिक तथा अध्ययन र अनुसन्धानको क्षेत्रमा क्रियाशिल व्यक्तिहरु मध्येबाट कम्तीमा चारजना महिला सहित बाह्रजना –सदस्य

(च) उद्योग, बाणिज्य, समाजसेवाको क्षेत्रमा योगदान गरेका प्रतिष्ठित व्यक्ति, लगानीकर्ता, दाता तथा नागरिक समाजका लब्धप्रतिष्ठित व्यक्तिहरुमध्येबाट कम्तीमा दुइजना महिलासहित ६ जना –सदस्य

(छ) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग –सदस्य

(ज) प्रमुख वा अध्यक्ष, विश्वविद्यालय रहेको नगरपालिका वा गाँउपालिका –सदस्य

(झ) प्रतिनिधि, प्रदेशभित्रका अन्य विश्वविद्यालय तथा प्रतिष्ठान मध्येबाट एक जना –सदस्य

(ञ) कार्यकारी परिषद्को सिफारिसमा बोर्ड अफ ट्रष्टिजले मनोनित गरेको प्राध्यापक प्रतिनिधि एक जना – सदस्य

(ट) कार्यकारी परिषद्को सिफारिसमा बोर्ड अफ ट्रष्टिजले मनोनित गरेका विद्यार्थी प्रतिनिधि दुईजना – सदस्य

(ठ) रजिष्ट्रार –सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यहरु पहिलो पटक नियुक्ति गर्न प्रदेश सरकारले शिक्षा क्षेत्र हेर्ने मन्त्रीको संयोजकत्वमा प्रदेश योजना आयोगको उपाध्यक्ष र शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम नियुक्त हुने सदस्यहरुको नियुक्ती प्रदेश सरकार (मन्त्रिपरिषद्)ले गर्नेछ ।

(५) उपदफा (२) को खण्ड (ङ) बमोजिमको प्राज्ञिक सदस्य हुनका लागि विद्यावारिधि उपाधि हासिल गरेको प्राध्यापन वा प्राज्ञिक क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव हासिल गरेको व्यक्ति हुनु पर्नेछ।

(६) उपदफा (२) को खण्ड (ङ) बमोजिमका सदस्यहरुमध्येबाट बोर्ड अफ ट्रष्टिजले कुनै एक सदस्यलाई अध्यक्षको रुपमा चयन गर्नेछ।अध्यक्षको चयन गर्ने प्रयोजनका लागि बस्ने बोर्ड अफ ट्रष्टिजको बैठकको अध्यक्षता उमेरको आधारमा जेष्ठ सदस्यले गर्नेछ।

(७) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यहरुको पदावधि छ वर्षको हुनेछ। प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको पदावधि समाप्त हुनेछ।

तर यस दफाबमोजिमका सदस्यहरुको पहिलो पटक पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाईको दुई वर्ष, अर्को एक तिहाईको चार वर्ष र बाँकी एक तिहाईको छ वर्षको हुने गरी पदावधि कायम गरिनेछ।अध्यक्ष बोर्ड अफ ट्रष्टिजको सदस्य रहेसम्म मात्र आफ्नो पदमा बहाल रहनेछ।

(८) बोर्ड अफ ट्रष्टिजले उपदफा (७) बमोजिम सदस्यहरु रिक्त हुनुभन्दा कम्तिमा एक महिना अगाडि रिक्त हुने पदका लागि तोकिएबमोजिम सदस्यहरु चयन गर्नेछ।त्यसरी चयन भएका सदस्यहरुले सो उपदफा बमोजिम पद रिक्त भएपछि पद बहाली गर्नेछन्।

(९) बोर्ड अफ ट्रष्टिजका अध्यक्ष र उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम नियुक्त सदस्यहरुले पारिश्रमिक पाउने छैनन्। निजहरुले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिएबमोजिम हुनेछ।

१०. <u>सदस्यहरुलाई  पदमुक्त गर्न सकिने </u>: (१) दफा (२) को खण्ड (ङ) र (च) बमोजिम नियुक्त सदस्यहरुलाई देहायको अवस्थामा पदमुक्त गर्न सकिनेछ :-

(क) कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारितापूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको वा बदनियतपूर्वक काम कारवाही गरेको वा

(ख) शारीरिक वा मानसिक अस्वस्थताका कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्न असमर्थ रहेमा

(२) उपदफा (१) बमोजिमका कार्यहरु गरे नगरेको सम्बन्धमा छानविन गर्न मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा प्रदेश सरकारले गठन गरेको सम्बन्धित विषयका विज्ञहरु सम्मिलित तीन सदस्यीय छानबिन समितिको गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिसका आधारमा प्रदेश सरकारले सदस्यहहरु पदमुक्त गर्न सक्नेछ ।

(४) सदस्यहरुलाई पदमुक्तको लागि सिफारिस गर्नुपूर्व उचित सुनुवाइको मौका दिनु पर्नेछ।

११. <u>बोर्ड अफ ट्रष्टिज विघटन गर्न सक्ने</u> : (१) देहायको अवस्थामा बोर्ड अफ ट्रष्टिज विघटन गर्न सकिनेछ :-

(क) बोर्ड अफ ट्रष्टिजले विश्वविद्यालयको हित विपरित काम गरेमा,x

(ख) विश्वविद्यालयको उद्देश्य प्राप्ति गर्न असक्षम भएमा,

(ग) बोर्ड अफ ट्रष्टिजका सदस्यहरुबीच गम्भीर मतभेद वा विवाद भई वा

(घ) विश्वविद्यालयमा भ्रष्टाचार वा आर्थिक अनियमितता वा अन्य अव्यवस्था भई विश्वविद्यालय  सञ्चालनमा वाधा परेमा ।

(२) उपदफा (१) बमोजिमका कार्य गरेको भनी बोर्ड अफ ट्रष्टिजका एक चौथाई सदस्यले निवेदन दिएमा प्रदेश सरकार, (मन्त्रिपरिषद्) ले छानविन समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिको छानविनबाट उपदफा (१) बमोजिमका कार्यहरु भएको पुष्टि भएमा प्रदेश सरकारले बोर्ड अफ ट्रष्टिज विघटन गरी अर्को बोर्ड गठन गर्न सक्नेछ ।

(४) बोर्ड अफ ट्रष्टिज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. <u>बोर्ड अफ ट्रष्टिजको बैठकः</u> (१) बोर्ड अफ ट्रष्टिजको बैठक सामान्यतः छ महिनाको एकपटक बस्नेछ र अध्यक्षले आवश्यकता अनुसार सो अवधि अगावै पनि बैठक बोलाउन सक्नेछ।

(२) बोर्ड अफ ट्रष्टिजको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा कुलपतिले बैठकको अध्यक्षता गर्नेछ।

(३) बोर्ड अफ ट्रष्टिजको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) बैठक बस्नु भन्दा सामान्यत पन्ध्र दिन अगावै बैठकको मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्यसचिवले सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(५) कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित नभई बैठकको गणपूरक संख्या पुगेको मानिने छैन।

(६) बैठकमा उपस्थित सदस्य संख्याको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) बोर्ड अफ ट्रष्टिजले तत्काल कुनै कार्य गर्नुपर्ने भएमा र बोर्ड अफ ट्रष्टिजको बैठक सो समयमा बस्न सक्ने अवस्था नभएमा बोर्ड अफ ट्रष्टिजले गर्नुपर्ने त्यस्तो कार्यका सम्बन्धमा सबै सदस्यलाई विद्युतीय माध्यमबाट जानकारी गराई तोकिएबमोजिम विद्युतीय मेल मार्फत बहुमत सदस्यहरुको लिखित सहमतिमा त्यस्तो कार्य गर्न सकिनेछ।

(८) बैठकको निर्णय बोर्ड अफ ट्रष्टिजकोसदस्य–सचिव र कुलपतिले प्रमाणित गर्नेछ।

(९) बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

१३. <u>बोर्ड अफ ट्रष्टिजको काम, कर्तव्य र अधिकारः</u> (१) बोर्ड अफ ट्रष्टिजको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विश्वविद्यालयको नीति निर्धारण गर्ने,

(ख) विश्वविद्यालयको दीर्घकालीन योजना स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयका लागि आवश्यक नियमावलीस्वीकृत गर्ने,

(ङ) विश्वविद्यालयको व्यवस्थापन, सञ्चालन, संरक्षण र सम्वद्र्धन गर्ने,

(च) कुलपतिको वार्षिक कार्यसम्पादनको मूल्याङ्कन गर्ने,

(छ) स्वदेशी वा विदेशी शिक्षण संस्थालाई निर्धारित प्रक्रिया पूरा गरी तोकिएबमोजिम सम्बन्धन दिने र त्यस्तो संस्थासँगको सम्बन्धन खारेज गर्ने,

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक उपाधी, छात्रवृत्ति, पदक मानार्थ उपाधी र पुरस्कारको व्यवस्था गर्ने,

(झ) विश्वविद्यालयसँग सम्बन्धित अन्य आवश्यक निर्देशन दिने।

(२) बोर्डअफ ट्रष्टिजले उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका अधिकार बाहेकका आफूलाई प्राप्त अन्य अधिकार आवश्यकता अनुसार कुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद - ६

## प्राज्ञिक परिषद्

१४. **प्राज्ञिक परिषद्को गठनः** (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्न देहायबमोजिमका सदस्यहरु रहेको एउटा प्राज्ञिक परिषद् रहनेछः-

(क) कुलपति – अध्यक्ष

(ख) रजिष्ट्रार – सदस्य

(ग) डीन – सदस्य

(घ) शैक्षिक संस्थाका प्रमुखहरु मध्येबाट एक जना – सदस्य

(ङ) विश्वविद्यालयका प्राध्यापकहरु मध्येबाट कुलपतिले तोकेका कम्तीमा दुई महिला सहित चार जना – सदस्य

(च) शिक्षाविद्मध्ये बोर्ड अफ ट्रष्टिजलेतोकेका दुई जना – सदस्य

(छ) कूलपतिले मनोनित गरेको डीन –सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ), (च) बमोजिमका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी व्यवस्था तोकिए तोकिएबमोजिम हुनेछ।

१५. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः** प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरुको पाठ्यक्रम निर्धारण गर्ने तथा सबै तहका शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यको सञ्चालन तथा मूल्याङ्कन गर्ने,

(ख) संकाय र शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक नीति, योजना र कार्यक्रम सम्बन्धी प्रस्ताव उपर विचार गरी कार्यकारी परिषद्मा सिफारिस गर्ने,

(ग) विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थीको भर्ना सम्बन्धी आधार, योग्यता, प्रक्रिया र संख्या निर्धारण गर्ने तथा एक शैक्षिक सत्रमा पूरा गर्नुपर्ने न्यूनतम हाजिरी प्रतिशत निर्धारण गर्ने,

(घ) अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने र अनुसन्धान कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने,

(ङ) शिक्षण र अनुसन्धानको स्तर निर्धारण गर्ने,

(च) प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सल्लाह दिने,

(छ) विश्वविद्यालय मातहतका संकाय, क्याम्पस, सम्बन्धन प्राप्त सम्पूर्ण शिक्षण संस्थाले लिने परीक्षाको किसिम, ग्रेडिङ्ग प्रणाली र मूल्याङ्कनको आधार तोक्ने,

(ज) लव्धाङ्क पत्र तथा विश्वविद्यालयले प्रदान गर्ने योग्यताको प्रमाणपत्र निर्धारण गर्ने,

(झ) तोकिएको विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिएबमोजिम प्रमाणपत्र र उपाधि दिने,

(ञ) अनुसन्धानात्मक कार्य गर्ने तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने,

(ट) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिने,

(ठ) स्वदेशी वा विदेशी शिक्षण संस्थाहरुसँग क्रेडिट ट्रान्सफर गर्ने व्यवस्था मिलाउने,

(ड) एक कार्यक्रम वा विषयबाट अर्को कार्यक्रम वा विषयमा स्थानान्तरण गर्न तथा क्रेडिट ट्रान्सफर पाउन विद्यार्थीले पूरा गर्नुपर्ने मापदण्ड निर्धारण गर्ने,

(ढ) शैक्षिक कार्यक्रमको मूल्याङ्कन गरी आवश्यकता अनुसार संकाय र शैक्षिक संस्था खोल्ने, गाभ्ने, स्थानान्तरण गर्ने र खारेज गर्ने,

(ण) इन्टर्न सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(त) ट्रष्टिज परिषद्, कार्यकारी परिषद्, कुलपतिले तोकेबमोजिमका विषयमा राय, सुझाव दिने,

(थ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद –७

## कार्यकारी परिषद्

१६. **कार्यकारी परिषद्को गठनः** विश्वविद्यालयमा देहायका सदस्य भएको एक कार्यकारी परिषद् रहनेछः-

(क) कुलपति –अध्यक्ष

(ख) डीनहरु मध्येबाट कुलपतिले तोकेका एक जना – सदस्य

(ग) विश्वविद्यालयका प्राध्यापकहरु मध्येबाट कुलपतिले तोकेका एक महिला सहित दुईजना – सदस्य

(घ) रजिष्ट्रार –सदस्य सचिव

१७. **कार्यकारी परिषदका काम ,कर्तव्य र अधिकारः**(१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बोर्ड अफ ट्रष्टिजका निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम तर्जुमा गर्ने,

(ग) विश्वविद्यालयका लागि भौतिक पूर्वाधार, स्रोत र साधनको व्यवस्थापन गर्ने,

(घ) प्राज्ञिक परिषद्द्वारा पेश भएका शैक्षिक नीति, योजना र कार्यक्रम उपर विचार गरी बोर्ड अफ ट्रष्टिजमा सिफारिस गर्ने,

(ङ) स्वदेशी वा विदेशी शिक्षण संस्थाले विश्वविद्यालयसँग सम्बन्धन लिन चाहेमा त्यस्ता शिक्षण संस्थालाई तोकिएबमोजिम सम्बन्धन दिन बोर्ड अफ ट्रष्टिजमा सिफारिस गर्ने,

(च) शैक्षिक कार्यक्रमको मूल्याङ्कन गरी आवश्यकता अनुसार संकाय तथा शैक्षिक संस्था खोल्ने, गाभ्ने, स्थानान्तरण गर्ने र खारेज गर्ने सम्बन्धमा बोर्ड अफ ट्रष्टिजमासिफारिस गर्ने,

(छ) कुनै पनि स्वदेशी वा विदेशी, सरकारी वा गैर सरकारी, शैक्षिक वा अन्य कुनै निकाय वा व्यक्तिबाट प्राप्त आर्थिक सहयोग स्वीकार गर्नका लागि बोर्ड अफ ट्रष्टिज समक्ष पेश गर्ने,

(ज) संकाय, केन्द्र र क्याम्पसमा सञ्चालन हुने वा सञ्चालन भएका शैक्षिक कार्यक्रमहरुका लागि आवश्यक मापदण्ड, पूर्वाधार र सुविधा निर्धारण गर्ने र तिनको मूल्याङ्कन गर्ने,

(झ) प्राज्ञिक परिषदबाट पेश भएका प्रस्ताव उपर विचार गरी बोर्ड अफ ट्रष्टिजमा पेश गर्ने,

(ञ) प्राज्ञिक परिषद्लाई आवश्यक निर्देशन दिने,

(ट) बोर्ड अफ ट्रष्टिजका अध्यक्ष र कुलपतिले तोकेका अन्य कार्यहरु गर्ने।

(२) कार्यकारी परिषद्को बैठक सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद –८

## सेवा आयोग

१८. <u>सेवा आयोग :</u>(१) शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक स्वतन्त्र सेवा आयोग रहनेछ।

(२) सेवा आयोगमा देहायबमोजिमका अध्यक्ष र सदस्य रहने छन् :

(क) उपदफा (५) बमोजिम नियुक्त व्यक्ति –अध्यक्ष

(ख) प्रदेश लोक सेवा आयोगले तोकेको आयोगको सदस्य –सदस्य

(ग) उपदफा (५) बमोजिम नियुक्त व्यक्ति –सदस्य

(३) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमको अध्यक्ष र सदस्य हुनको लागि विद्यावारिधी उपाधी हासिल गरेको, प्राध्यापन, प्रशासन तथा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरी विशिष्ट श्रेणी वा सो सरहको व्यक्ति योग्य हुनेछन।

(४) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमको अध्यक्ष र सदस्यमा नियुक्तिको लागि सिफारिस गर्न बोर्ड अफ ट्रष्टिजले तोकिएबमोजिमको तीन सदस्यीय समिति गठन गर्नेछ।

(५) उपदफा (४) बमोजिमको समितिले खण्ड (क) बमोजिमको अध्यक्ष र खण्ड (ग) बमोजिमको सदस्यको लागि तीन तीनजना योग्य व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरु मध्येबाट बोर्ड अफ ट्रष्टिजले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(६) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमको अध्यक्ष र सदस्य पदावधि पाँच वर्षको हुनेछ र अर्को एक पदावधिको लागि निजहरुलाई पुनर्नियुक्ति गर्न सकिनेछ।

१९. <u>सदस्यहरुलाई पदमुक्त गर्न सकिने</u> : (१) दफा (२) को खण्ड (क) र (ग) बमोजिम नियुक्त अध्यक्ष र सदस्यलाई देहायको अवस्थामा पदमुक्त गर्न सकिनेछ :-

(क) कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारितापूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको वा बदनियतपूर्वक काम कारवाही गरेको वा

(ख) शारीरिक वा मानसिक अस्वस्थताका कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्न असमर्थ रहेमा

(२) उपदफा (१) बमोजिमका कार्यहरु गरे नगरेको सम्बन्धमा छानविन गर्न बोर्ड अफ ट्रष्टिजले तीन सदस्यीय छानबिन समितिको गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिसका आधारमा बोर्ड अफ ट्रष्टिजले सदस्यहहरु पदमुक्त गर्न सक्नेछ ।

(४) सदस्यहरुलाई पदमुक्त गर्नुपूर्व उचित सुनुवाइको मौका दिनु पर्नेछ।

(५) सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) सेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक, सेवा र सुविधाका अन्य शर्तहरु तोकिएबमोजिम हुनेछ।

(७) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिमहुनेछ।

२०. <u>कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः</u> सेवा आयोग गठन भई कर्मचारी नियुक्ति नभए सम्मका लागि विश्वविद्यालयको कार्य सञ्चालन गर्न तोकिएबमोजिम शिक्षा हेर्ने मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले काजमा आवश्यक कर्मचारी व्यवस्थापन गर्नेछ।

## परिच्छेद –९

## <u>परिषद्, संकाय, अनुसन्धान केन्द्र तथा अन्य निकाय</u>

२१. <u>सल्लाहकार परिषद्को गठनः</u> (१) विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक सल्लाह र सुझाव प्राप्त गर्न अध्यक्षले एक सल्लाहकार परिषद् गठन गर्न सक्नेछ।

(२) सल्लाहकार परिषद्को सदस्य संख्या, योग्यता, छनौट विधि, पदावधि, बैठक सम्बन्धी कार्यविधि, काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२२. <u>संकायः</u> (१) विश्वविद्यालयबाट सञ्चालन गरिने उच्च शिक्षाका लागि हिमालय पर्वतश्रृङ्खला आधारित पर्या-पर्यटन, कृषि, वन तथा जडीवुटी, पर्वतीय विज्ञान-प्रविधि तथा इन्जिनियरिङ्ग, जैविक विविधता तथा वातावरण, समाजशाष्त्र तथा स्वास्थ्य विज्ञान लगायत तोकिए बमोजिमका संकायहरु रहनेछन्।

(२) संकाय अन्तर्गत विद्या परिषद् रहनेछ।

(३) संकायहरुको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२३. <u>निर्देशनालयः</u> (१) विश्वविद्यालयबाट सञ्चालन गरिने उच्च शिक्षाका लागि हिमालय पर्वतश्रृङ्खला आधारित पर्या-पर्यटन, कृषि, वन तथा जडीवुटी, पर्वतीय विज्ञान-प्रविधि तथा इन्जिनियरिङ्ग, जैविक

विविधता तथा वातावरण, समाजशाष्त्र तथा स्वास्थ्य विज्ञान लगायत तोकिएबमोजिमका निर्देशनालय रहनेछन्।

(२) निर्देशनालयको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२४. <u>विश्वविद्यालय अन्वेषण तथा अनुसन्धान केन्द्रः</u> १) विश्वविद्यालयले विश्वविद्यालय अन्तर्गत अध्ययन, अध्यापन र अनुसन्धान गराइने विषय तथा अन्य विभिन्न क्षेत्रमा अन्वेषण तथा अनुसन्धान सम्बन्धी कार्य गर्नका लागि अन्वेषण तथा अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अन्वेषण तथा अनुसन्धान केन्द्रको स्थापना, सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२५. <u>परीक्षा व्यवस्थापन कार्यालयः</u> (१) विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने परीक्षा व्यवस्थापनको लागि परीक्षा व्यवस्थापन कार्यालय रहनेछ।

(२) परीक्षा व्यवस्थापन कार्यालय अभिलेख कार्यालयको रुपमा रहेनछ।

(३) परीक्षा व्यवस्थापन कार्यालयको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२६. <u>क्याम्पसः</u> (१) विश्वविद्यालयले विभिन्न विषयमा अध्ययन, अध्यापन गर्न, गराउन आवश्यकता अनुसार क्याम्पसको स्थापना गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) क्याम्पसको स्थापना, सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२७. <u>विश्वविद्यालयसँग सम्बन्धनः</u> (१) कुनै स्वदेशी वा विदेशी शैक्षिक संस्थाले विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सञ्चालन हुन चाहेमा तोकिएको मापदण्ड पूरा गर्ने त्यस्ता शिक्षण संस्थालाई विश्वविद्यालयले सम्बन्धन प्रदान गर्न सक्नेछ।

(२) विश्वविद्यालयले तोकिएको मापदण्ड पूरा गर्ने स्वदेशी तथा विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाहरुसँगको सहकार्य र साझेदारीमा विदेशी प्रशिक्षकद्वारा विभिन्न शैक्षिक कार्यक्रम समेत सञ्चालन गर्न गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सम्बन्धन प्राप्त क्याम्पस वा शिक्षण संस्थाले तोकिएका शर्त पालना गर्नु पर्नेछ। त्यस्ता क्याम्पस वा शिक्षण संस्थाले तोकिएका शर्त पालन नगरेमा विश्वविद्यालयले सम्बन्धन खारेज गर्न सक्नेछ।

## परिच्छेद –१०

## <u>विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारी</u>

२८. <u>बोर्ड अफ ट्रष्टिजको अध्यक्षः</u> (१) बोर्ड अफ ट्रष्टिजको अध्यक्ष दफा ९ को उपदफा (६) मा व्यवस्था भए बमोजिम निर्वाचित हुनेछ ।

(२) बोर्ड अफ ट्रष्टिजका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बोर्ड अफ ट्रष्टिजको बैठकको अध्यक्षता गर्ने,

(ख) बोर्ड अफ ट्रष्टिजको निर्णय कार्यान्वयनको अनुगमन गर्ने गराउने र आवश्यक निर्देशन दिने,

(ग) कूलपतिबाट प्राप्त वार्षिक प्रतिवेदन समीक्षाका लागि बोर्ड अफ ट्रष्टिजको बैठकमा पेश गर्ने,

(घ) विश्वविद्यालयको समग्र मूल्याङ्कन गराई बोर्ड अफ ट्रष्टिजको निर्णय बमोजिम कूलपतिलाई निर्देशन दिने,

(ङ) बोर्ड अफ ट्रष्टिजको सचिवालय व्यवस्थापन लगायतका बोर्ड अफ ट्रष्टिज सञ्चालन र व्यवस्थापनको नेतृत्व गर्ने,

(च) विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

२९. <u>कुलपतिः</u> (१) कुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ।

(२) उपदफा (३) बमोजिमको समितिले देहायका योग्यता पुगेका तीन व्यक्तिहरुको नाम कुलपति पदमा नियुक्तीको लागि सिफारिस गर्नेछः-

(क) चालिस वर्ष उमेर पुरा गरेको,

(ख) नेपाली नागिरक,

(ग) फौजदारी कसुरमा अदालतबाट कसुरदार प्रमाणित नभएको,

(घ) प्राध्यापनको क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको अनुभव हासिल गरेको,

(ङ) विद्यावारीधी उपाधि हासिल गरेको,

(३) कुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न बोर्ड अफ ट्रष्टिजले तोकिएबमोजिमको तीन सदस्यीय समिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको समितिले कुलपति पदमा नियुक्त हुन योग्य तीन जना व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरु मध्येबाट बोर्ड अफ ट्रष्टिजले कुलपतिको नियुक्ति गर्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुलपतिको पदमा पहिलो पटक नियुक्तिको लागि सिफारिस गर्न प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रीको संयोजकत्वमा प्रदेश योजना आयोगको शिक्षा हेर्ने सदस्य र प्रदेश शिक्षा हेर्ने मन्त्रालयकोसचिव सदस्य रहेको तीन सदस्यीय एक समिति गठन गर्नेछ।

(६) उपदफा (५) बमोजिमको समितिले कुलपतिको पदमा नियुक्त हुन योग्य तीन जना व्यक्तिको नाम सिफारिस गर्नुपर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरुमध्येबाट प्रदेश सरकार (मन्त्रिपरिषद्)ले कुलपतिको नियुक्ति गर्नेछ।

(७) कुलपतिको पदावधि पाँच वर्षको हुनेछ।

३०. <u>कुलपति पदमुक्त हुने अवस्था</u> : (१) देहायको अवस्थामा कुलपतिलाई पदमुक्त गर्न सकिनेछ :-

(क) कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा

(ख) ईमान्दारितापूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको वा

(ग) बदनियतपूर्वक काम कारबाही गरेको वा शारीरिक वा

(घ) मानसिक अस्वस्थताका कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्न असमर्थ रहेको अवस्थामा

(२) उपदफा (१) बमोजिमको कार्य गरे नगरेको विषयमा छानविन गरी सिफारिस गर्न बोर्ड अफ ट्रष्टिजले तीन सदस्यीय छानविन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा बोर्ड अफ ट्रष्टिजले कुलपतिलाई पदमुक्त गर्नसक्नेछ।

(४) छानबिन समितिले कारवाहीको लागि सिफारिस गर्नु अगाडि कुलपतिलाई सुनुवाइको मौका दिनु पर्नेछ।

(५) यस उपदफा बमोजिम आफूलाई आरोप लागेको विषयमा छलफल हुने बोर्ड अफ ट्रष्टिजको बैठकमा कुलपतिले भाग लिन र त्यसपछि सो विषयमा टुङ्गो नलागेसम्म निजले आफ्नो पदको कार्यसम्पादन गर्न पाउने छैन ।

३१. <u>कुलपतिको काम, कर्तव्य र अधिकारः</u> (१) कुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बोर्ड अफ ट्रष्टिजको निर्णय तथा नीति निर्देशन कार्यान्वयन गर्ने,

(ख) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम तर्जुमा गरी अध्यक्ष मार्फत बोर्ड अफ ट्रष्टिज समक्ष पेश गर्ने,

(ग) प्राज्ञिक परिषद्को अध्यक्षता गर्ने,

(घ) विश्वविद्यालयको उद्देश्य प्राप्तिका लागि आर्थिक स्रोत जुटाउन आवश्यक कार्य गर्ने,

(ङ) शैक्षिक परामर्श तथा समुदाय सेवा व्यवस्थापन गर्ने,

(च) शिक्षण संस्थातथा शैक्षिक कार्यक्रमका क्रियाकलापहरुको सहजीकरण, सुपरीवेक्षण, नियमन र मूल्याङ्कन गर्ने,

(छ) रजिष्ट्रार र डीनको वार्षिक कार्यसम्पादनको मूल्याङ्कन गर्ने,

(ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा श्रोत व्यवस्थापन गर्ने,

(झ) प्राज्ञिक परिषद्को कार्यसम्पादन सम्बन्धी वार्षिक प्रगति प्रतिवेदन वोर्ड अफ ट्रष्टिज समक्ष पेश गर्ने,

(ञ) विश्वविद्यालयको प्राज्ञिक कार्यक्रम, मूल्याङ्कन तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,

(ट) विश्वविद्यालयमा अध्ययन र अध्यापन गरिने विभिन्न विषयहरुको पाठ्यक्रमको निर्धारण तथा विकासको लागि आवश्यक कार्य गर्ने,

(ठ) बोर्ड अफ ट्रष्टिजले तोकेबमोजिमका अन्य कार्यहरु गर्ने,

(ड) यस ऐन अन्तर्गत बनेका नियममा कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भए बाहेकका विश्वविद्यालयसँग सम्बन्धित अन्य सबै कामहरु गर्ने,

(२) कुलपति आफ्नो र विश्वविद्यालयको समग्र कामका लागि बोर्ड अफ ट्रष्टिजप्रति उत्तरदायी हुनेछ।

(३) कुलपतिले देहायका विषयहरु समेटी आफ्नो वार्षिक कार्य प्रगतिको समीक्षा सहितको प्रतिवेदन अध्यक्ष मार्फत बोर्ड अफ ट्रष्टिजको बैठकमा पेश गर्नु पर्नेछ।

(क) विश्वविद्यालयको नीति, योजना, बजेट तथा वित्त व्यवस्थापन,

(ख) अन्तर्राष्ट्रिय सम्बन्ध,

(ग) विश्वविद्यालयको समग्र आन्तरिक नियमन, अनुगमन र मूल्याङ्कन,

(घ) अन्य आवश्यक विषय।

३२. <u>रजिष्ट्रार</u>:(१) रजिष्ट्रार विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) रजिष्ट्रारको योग्यता तोकिएबमोजिम हुनेछ।

(३) रजिष्ट्रारको नियुक्तिका लागि सिफारिस गर्न बोर्ड अफ ट्रष्टिजले उपकुलपतिको संयोजकत्वमा तीन सदस्यीय एक समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा कुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(४) रजिष्ट्रारको पदावधि पाँच वर्षको हुनेछ।

(५) कुलपतिलाई पदमुक्त गर्दा अपनाइने समान आधार, कार्यविधि र प्रक्रिया अपनाई अध्यक्षले रजिष्ट्रारलाई पदमुक्त गर्न सक्नेछ।

३३. <u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः</u> रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सूचना तथा प्रविधिको व्यवस्था र सञ्चालन गर्ने,

(ख) विश्वविद्यालयको अभिलेख अद्यावधिक गर्ने,

(ग) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यकारी परिषद् समक्ष पेश गर्ने,

(घ) बोर्ड अफ ट्रष्टिज र कुलपतिले तोकेबमोजिमका अन्य कार्य गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

३४. <u>डीन</u>:(१) संकाय प्रमुखको रुपमा कार्य गर्न प्रत्येक संकायमा एक जना डीन रहनेछ।

(२) कुलपतिको संयोजकत्वमा गठन भएको तीन सदस्यीय समितिको सिफारिसमा कार्यकारी परिषदले डीनको नियुक्ति गर्नेछ।

(३) डीनले संकायको परीक्षा सम्बन्धी सम्पूर्ण काम गर्नेछ।

(४) डीनको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवाका अन्य शर्त तोकिएबमोजिम हुनेछ।

३५. <u>निर्देशक, परीक्षा व्यवस्थापन प्रमुख, क्याम्पस प्रमुख र अन्य पदाधिकारीहरुः</u> विश्वविद्यालय अन्तर्गतका निर्देशक, परीक्षा व्यवस्थापन प्रमुख, क्याम्पस प्रमुख र अन्य पदाधिकारीहरुको नियुक्ति, काम, कर्तव्य, अधिकार, पारिश्रमिक र सेवाका अन्य शर्त तोकिएबमोजिम हुनेछ।

३६. <u>शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) विश्वविद्यालयमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति सेवा आयोगको सिफारिसमा गरिनेछ।

(३) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्त तोकिएबमोजिम हुनेछ।

## परिच्छेद – ११

## <u>विश्वविद्यालयको कोष, लेखा तथा लेखापरीक्षण</u>

३७. <u>विश्वविद्यालयको कोषः</u> (१)विश्वविद्यालयको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिमका रकम रहनेछः

(क) नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) विश्वविद्यालयले ऋण तथा सापटी लिएको रकम,

(ग) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान,

(घ) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य र आर्थिक सहायता स्वरुप प्राप्त रकम,

(ङ) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी व्यक्ति तथा सरकार, एजेन्सी वा वित्तीय संस्थाहरुबाट सहयोग वा ऋण स्वरुप प्राप्त रकम,

(च) विश्वविद्यालयको कोष परिचालन गरी बढे बढाएको रकम,

(छ) शुल्क तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) विश्वविद्यालयले उपदफा (१) को खण्ड (ङ) बमोजिम कुनै रकम प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) विश्वविद्यालयको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) विश्वविद्यालयको कोष र खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ।

(५) विश्वविद्यालयको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

३८. <u>लेखा र लेखापरीक्षणः</u> (१) विश्वविद्यालयले आफ्नो आय–व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

(२) विश्वविद्यालयले लेखा सम्बन्धी तोकिएबमोजिम आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नु पर्नेछ।

(३) विश्वविद्यालयको आय व्ययको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद – १२

## <u>विविध</u>

३९. <u>शिक्षण संस्थाको स्थापना र सम्बन्धनः</u> (१) विश्वविद्यालयले आवश्यकता बमोजिम पाठ्यक्रम तयार गरी अध्यापन गराउन शिक्षण संस्था स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको शिक्षण संस्थाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्दा तोकिएबमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धन प्राप्त शिक्षण संस्थाले विश्वविद्यालयबाट पाउने सहयोग तोकिएबमोजिम हुनेछ।

४०. **प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने:** (१) तोकिएको विषयमा आवश्यक मापदण्ड पूरा गर्ने अनुसन्धानकर्ता, विद्यार्थी, प्रशिक्षार्थीलाई विश्वविद्यालयले तोकिएबमोजिमको उपाधि र प्रमाण पत्र प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन र विश्वविद्यालयका विभिन्न तहका शैक्षिक उपाधिहरुसँग ती उपाधिहरुको समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ।

(४) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयसँग समझदारी गरी तोकिए बमोजिम दोहोरो उपाधि (डुयल डिग्री) प्रदान गर्न सक्नेछ।

४१. **विश्वविद्यालयका पदाधिकारीहरुको कार्यसम्पादन मूल्याङ्कन:** (१) कुलपति र रजिष्ट्रारको बोर्ड अफ ट्रष्टिजले तथा डीन,निर्देशक र अन्य शिक्षण संस्थाका प्रमुखको कुलपतिले वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्न मापक सूचकाङ्क तथा अन्य व्यवस्था निर्धारण तोकिएबमोजिम हुनेछ।

४२. **विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता:** विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिएबमोजिम हुनेछ।

४३. **साझेदारी वा सहकार्य गर्न सकिने:** (१) विश्वविद्यालयको व्यवस्थापनमा सुधार, शिक्षाको गुणात्मक विकासको लागि स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा गैह्र सरकारी संस्थासँग विश्वविद्यालयले पारस्परिक साझेदारी वा सहकार्य गर्न सक्नेछ।

(२) विश्वविद्यालयले उपदफा (१) बमोजिम विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा गैह्र सरकारी संस्थासँग पारस्परिक साझेदारी वा सहकार्य गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । त्यसरी नेपाल सरकारको पूर्व स्वीकृति लिदा एकैपटक वा विषयगत रुपमा पटक पटक सहमति लिनु पर्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयसँग एक आपसमा विद्यार्थी तथा शिक्षक आदान प्रदान गर्न सक्नेछ।

(४) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालयमा पदाधिकारी तथा बोर्ड अफ ट्रष्टिज सदस्यको अवलोकन भ्रमणको व्यवस्था गर्न सक्नेछ।

४४. <u>सिफारिस तथा सहजीकरणः</u> (१) विश्वविद्यालयको सर्वाङ्गिण विकासको लागि प्रदेश सरकारले आवश्यकताबमोजिम नेपाल सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्थालाई आवश्यक सिफारिस तथा सहजीकरण गर्नेछ।

(२) प्रदेश सरकारले विश्वविद्यालयसँग सम्वन्धित विदेशी विद्यार्थी तथा शिक्षकको प्रवेशाज्ञाका लागि आवश्यक सिफारिस तथा सहजीकरण गर्नेछ।

४५. <u>प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेः</u> (१) विश्वविद्यालयले प्रदेश सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, शिक्षक तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नु अघि वा त्यस्ता पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधा थप गर्नु अघि प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कुनै कार्य गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

४६. <u>परीक्षा प्रणाली र पाठ्यक्रम सम्बन्धी व्यवस्थाः</u> विश्वविद्यालयको परीक्षा र पाठ्यक्रम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. <u>असल नियतले गरेको  काम बदर नहुनेः</u> विश्वविद्यालयको कुनै पदाधिकारीको स्थान रिक्त भई वा कुनै पदाधिकारीको नियुक्ति वा कुनै अङ्गको गठनमा त्रुटि भई काम कारवाही भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन।

४८. <u>असल नियतले गरेको काममा बचाउः</u> यो ऐनबमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालय वा विश्वविद्यालयको कुनै पदाधिकारी उपर मुद्दा चलाउने वा अन्य कुनै कानूनी कारवाही गरिने छैन।

४९. <u>नेपाल सरकार तथा प्रदेश सरकारसँग सम्पर्कः</u> विश्वविद्यालयले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा शिक्षा हेर्ने मन्त्रालय मार्फत राख्नेछ।

५०. <u>विश्वविद्यालय विघटन सम्बन्धी व्यवस्थाः</u> (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने अवस्था भएमा बोर्ड अफ ट्रष्टिजको तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइको निर्णय सहितको सिफारिसमा प्रदेश सरकारले विश्वविद्यालय विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको सम्पूर्ण चल, अचल सम्पत्ति,जायजेथा तथा दायित्व प्रदेश सरकारको हुनेछ।

५१. <u>वार्षिक प्रतिवेदनः</u> विश्वविद्यालयको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्ड अफ ट्रष्टिजमार्फत मुख्यमन्त्री समक्ष पेश गर्नुपर्नेछ।

५२. <u>नियम बनाउने अधिकार</u>ः (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न विश्वविद्यालयले यो अधिनमा रही आवश्यक नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।